नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कास्की

पत्र संख्या :०७७/७८

मिति : २०७८/०१/०७

## कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि जारी गरिएको आदेश।

विश्वभरि फैलिँदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी संक्रमण नेपालमा समेत बढ्दै गईरहेको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ को निर्णय कार्यान्वयन गर्न गराउन गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नं ३०४४ मिति २०७८।०१।०६ को पत्रबाट लेखि आएकोले उक्त निर्णयहरु कार्यान्वयनका लागि देहाय बमोजिम आदेश जारी गरिएको छ। यस आदेशको पूर्ण पालनाका लागि सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ।

१. पोखरा महानगरपालिकाभित्र रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, टयुशन सेन्टर, तालिम केन्द्र) मा **संवत् २०७८ साल बैशाख मसान्त सम्म** भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शैक्षिक गतिविधिहरु सञ्चालन गर्ने,

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने गराउने,

३. सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु **संवत् २०७८ साल बैशाख मसान्त सम्म** सञ्चालन नगर्ने नगराउने,

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी **संवत् २०७८ साल बैशाख मसान्त सम्म** नित्य पूजा, ध्यान र प्राथना मात्र गर्ने गराउने,

५. एक पटकमा पच्चीस जना भन्दा वढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बिचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने।

६. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा **पच्चीस जना भन्दा बढी नहुने** र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने। विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने।

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा **बढीमा पच्चीस जना मात्र सहभागी रहने** गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने। तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने।



**कार्यालयको सम्पर्क : पोखरा महानगरपालिका - ०७ कास्की, गण्डकी प्रदेश, नेपाल**

**फोन नम्बर ०६१ ४६१७६४ फ्याक्स नं ०६१ ४६१९६२ इमेल daokaski@gmail.com वेभ साईट www.daokaski.moha.gov.np**

पत्र संख्या :०७७/७८

८. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

९. आन्तरिक हवाई उडान सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) चालक दल तथा सबै यात्रुलाई मास्क तथा भाइजर अनिवार्य गर्ने,

ख) हवाई जहाजभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

ग) प्रत्येक उडान पछि हवाई जहाजलाई र व्यागेजलाई निसङ्क्रमित गर्नु पर्ने,

घ) चेक इन, बोर्डिङ, व्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनस्वास्थ्यका मापदण्ड लागू गर्ने ।

१०. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

११. होटेल तथा रेष्टुरेण्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने:-

क) होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

ख) होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

ग) कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।



कार्यालयको सम्पर्क : पोखरा महानगरपालिका-०७ कास्की, गण्डकी प्रदेश, नेपाल
फोन नम्बर ०६१ ४६१७६४ फ्याक्स नं ०६१ ४६१९६२ इमेल daokaski@gmail.com वेभ साईट www.daokaski.moha.gov.np

पत्र संख्या :०७७/७८

१२. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेन्टहरुले बुँदा नं ११ बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१३. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१४. नेपाल राष्ट्र बैङ्कले सबै बैङ्क तथा वित्तीय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्न सहजीकरण गर्ने । सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रुपमा बुझाउन चाहनेलाई सो बमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने ।

१५. नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१६. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि **आम नागरिकले** देहायबमोजिम गर्ने :-

क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

ख) घर वाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षीत साथ राखि पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा दश दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडहुल, भेटघाट र बैठक नगर्ने ।

१७. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

***संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जारी गरिएको यस आदेशको अपहेलना गर्ने वा यस आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्तिलाई सोहि ऐनहरु बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।***

(थानेश्वर गौतम)
प्रमुख जिल्ला अधिकारी



कार्यालयको सम्पर्क : पोखरा महानगरपालिका - ०७ कास्की, गण्डकी प्रदेश, नेपाल
फोन नम्बर ०६१ ४६१७६४ फ्याक्स नं ०६१ ४६१९६२ इमेल daokaski@gmail.com वेभ साईट www.daokaski.moha.gov.np